# तिनाउ गाउँपालिका
## Tinau Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या /Letter No.:-
चलानी नं /Ref. No.:-

## तह मिलान/तह वृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८१।१२।२९ गते, ने.सं. ११४५ चौलाथ्व चतुर्दशी

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ बमोजिम तह मिलान र सोही ऐनको दफा ३१ बमोजिम तह वृद्धिका लागि तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ सँग सम्बन्धित अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले सात दिन भित्र तपसिलका कागजात सहित प्रशासन शाखामा आवेदन फाराम पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

क. दफा ७ को हकमा

१. निवेदकको सक्कल निवेदन,
२. हालको पदमा नियुक्ति, बढुवा, समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
५. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

ख. दफा ३१ को हकमा

१. निवेदकको सक्कल निवेदन,
२. हालको पदमा नियुक्ति, बढुवा, समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक वैयक्तिक विवरणको प्रमाणित प्रतिलिपि,
५. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
७. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानूनबमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
८. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांङ्कन पेश गरेको निकायको विवरण।

*पुनश्चः पेश गरिने कागजातको प्रतिलिपि स्वयं निवेदकले प्रमाणित गरी सिलसिलेवार पञ्जिका सहित पेश गर्नुपर्नेछ।*

२०८१।१२।२९

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत


Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65